# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत, चैत्र २२ गते, २०७९ साल (संख्या २२

# भाग-२

## कर्णाली प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको

## सूचना

### खाद्य अधिकार तथा सम्प्रभुता (पहिलो संशोधन) नियमावली, २०७९

खाद्य अधिकार तथा सम्प्रभुता नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

खाद्य अधिकार तथा सम्प्रभुता ऐन, २०७७ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "खाद्य अधिकार तथा सम्प्रभुता (पहिलो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **खाद्य अधिकार तथा सम्प्रभुता नियमावली, २०७९ को नियम २ मा संशोधनः** खाद्य अधिकार तथा सम्प्रभुता नियमावली, २०७९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन्ः-

"(क१) "प्रदेश खाद्य सुरक्षा सूचना केन्द्र" भन्नाले नियम १४ को उपनियम (१) बमोजिमको प्रदेश खाद्य सुरक्षा सूचना केन्द्र सम्झनु पर्छ।

(क२) "समिति" भन्नाले नियम १४ को उपनियम (२) बमोजिमको प्रदेश खाद्य सुरक्षा सूचना केन्द्र सञ्चालक समिति सम्झनु पर्छ।"

३. **मूल नियमावलीको नियम ३ मा संशोधनः** मूल नियमावलीको नियम ३ को उपनियम (२) को,-

(१) खण्ड (ख) मा रहेका "जातीय, लैङ्गिक वा अपाङ्गताका" भन्ने शब्दहरुको सट्टा "लैङ्गिक एवम् जातीयताका" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) जन्मजात वा द्वन्द्व लगायतका कारणबाट अपाङ्ग भै जीवन गुजारा गर्न असमर्थ व्यक्ति तथा परिवार।"

४. **मूल नियमावलीको नियम ११ मा संशोधनः** मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) कृषि, खाद्य प्रविधि वा ग्रामीण विकास सम्बन्धी विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष अनुभव प्राप्त गरेका व्यक्तिहरुमध्येबाट कम्तीमा एकजना महिला सहित प्रदेश सरकारले मनोनित गरेका तीन जना विज्ञ -सदस्य"

(२) उपनियम (२) मा रहेका "विज्ञ वा कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "विज्ञ, कर्मचारी वा किसानलाई" भन्ने शब्दहरु राखिएका छन्।"

५. **<u>मूल नियमावलीको नियम १३ मा संशोधन</u>**: मूल नियमावलीको नियम १३ को,-

(१) उपनियम (५) मा रहेका "सदस्य, विज्ञ वा कर्मचारीले" भन्ने शब्दहरुको सट्टा "सदस्य, विज्ञ, कर्मचारी वा किसानले" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (५) पछि देहायको उपनियम (५क) थपिएको छः-

"(५क) नियम ११ को उपनियम (१) को खण्ड (छ), (ज), (झ) र (ञ) बमोजिमका सदस्यले प्रदेश सरकारको अधिकृतस्तर दशौं तहको कर्मचारी सरह दैनिक भत्ता र भ्रमण खर्च पाउनेछ।"

६. **<u>मूल नियमावलीको नियम १४ मा संशोधन</u>**: मूल नियमावलीको नियम १४ को,-

(१) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिमको" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख) थपिएका छन्ः-

"(२क) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२ख) समितिको बैठकमा बढीमा तीन जना विषय विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।"

(३) उपनियम (३) मा रहेका "उपनियम (१) बमोजिमको" भन्ने शब्दहरु झिकिएका छन्।

निर्णय भएको मितिः २०७९/१२/२२

आज्ञाले,

डा. लेखराज दाहाल

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय